नेपाल सरकार
जलश्रोत तथा ऊर्जा मन्त्रालय
विद्युत विकास विभाग
(............अनुमतिपत्र महाशाखा......................)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६११०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या : २०७५ ०७६
चलानी नं. : १३८

मितिः २०७५ ०४ २८

विषयः- ढाड खोला जल विद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे ।

श्री बन्दीपुर हाइड्रोपावर प्रा. लि.
म्हाराजगंज, काठमाण्डौं ।
पो.ब.नं. ४२६९
फोन नं. ०१-४७२१६४५, ९८४१६८३३७४

प्रस्तुत विषयमा तनहुँ जिल्लामा अवस्थित ढाड खोलामा पहिचान भएको ढाड खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गर्न पेश भएको दरखास्त माथि कारवाही हुँदा तपसिल बमोजिमका कागजात विवरणहरु अपुग देखिएकाले अपुग कागजातहरु ३५ दिनको समयावधि भित्र पेश गर्नहुन र ने.वि.प्रा. बाट प्राप्त Letter of Intent ,उद्योग दर्ता, वातावरण सम्बन्धी अध्ययन कार्यहरु हालसम्म के कति कारणले नगरिएको हो सो सम्बन्धमा स्पष्टीकरण पेश गर्नु विभागको मिति २०७५ ०४ २५ को निर्णयानुसार जानकारी गराइन्छ । हुन जानकारी गराइन्छ ।

**तपसिल (नपुग तथा पेश गर्नुपर्ने कागजात विवरणहरु) :**

१. विद्युत नियमावली २०५० को अनुसूची-६ बमोजिमको दरखास्त (थप २ प्रति) ।
२. सर्वेक्षण अनुमतिपत्रको समयावधी भरी गरीएका सम्पूर्ण सर्वेक्षण तथा अध्ययन कार्य संलग्न गरी तयार गरिएको आयोजनाको अध्ययन प्रतिवेदन , Design Drawing र Annexes तथा सोको soft copy ।
३. स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदनरप्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन ।
४. कम्पनी रजिस्ट्रारको कार्यालयबाट जारी गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि ।
५. कम्पनीको अद्यावधिक शेयर लगत अभिलेखको प्रमाणित प्रतिलिपि र सोको soft copy (scanned वा image file मान्य नहुने)।
६. उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत)को प्रमाणित प्रतिलिपि ।
७. सञ्चालक समितिको बैठकको निर्णयसहितको अख्तियारीनामा,पत्राचार गर्ने स्पष्ट ठेगाना(पोष्ट बक्स नं. र ईमेलसहित) र अख्तियारी प्राप्त व्यक्तिको परिचय पत्र एवं सम्पर्क नंबर ।
८. बहाल रहेको विद्युत् खरीद बिक्रीको सम्झौता पत्र वा कनेक्शन एग्रीमेन्ट वा विद्युत् खरीद बिक्रीको आशयपत्र ।
९. परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत ।
१०. स्वपूंजी लगानी गर्ने क्षमता पुष्टी हुने कागजातको हकमा आवश्यकतानुसारको विवरण (सम्झौता, खुद सम्पत्ति विवरण, सि.ए.संग सम्बन्धित विवरण इत्यादी) ।
११. यदि कुनै प्रवर्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीकोलागि सहभागि भई सकेको भए शुरुको र प्रस्तावित आयोजनालाइ खाम्ने गरी Networth पेश गर्नुपर्ने
(नोट : यसअघि लगानी गरिसकेको आयोजना संचालनमा आइसकेको खण्डमा भने सो आयोजनालाई खाम्ने गरी Net worth पेश गर्नु नपर्ने,यस्तो अवस्थामा सञ्चालनमा आएको आयोजनाबारे जानकारी गराउनु पर्ने )
१२. शेयर पूँजीमा लगानी गर्ने प्रतिबद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।
१३. आयोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिबद्धताको प्रमाणित प्रतिलिपि ।
१४. प्रस्तुत आयोजनाको पावरहाउस Elevation के कतिमा रहने हो सो कुरा खुल्ने विवरण ।

(आस्था भट्ट)
ईन्जिनियर

बोधार्थः श्रीमान् महानिर्देशक ज्यू, विद्युत विकास विभाग ।